**Article DOI: https://doi.org/10.3126/jeri.v5i1.88624**

**Journal of Educational Research and Innovation**
A Multidisciplinary Bilingual Journal
ISSN 2631-2336; Volume 5, Issue 1, December 2025, pp. 121-132
Indexed in Nepal Journals Online (NepJOL)

# भाषिक अनुसन्धानमा पूर्वकार्यको समीक्षा

**मीन बहादुर के .सी**
मध्यपश्चिम विश्वविद्यालय
नेपाली भाषा शिक्षा विभाग
बागेश्वरी बहुमुखी क्याम्पस
कोहलपुर,बाँक
minbahadurregmi407@gmail.com

**लेखसार**

प्रस्तुत लेख अनुसन्धानको अपरिहार्य पक्षका रूपमा चिनिने पूर्वकार्य समीक्षाको सैद्धान्तिक पक्षका बारेमा विस्तृत चर्चा गर्ने उद्देश्यले तयार पारिएको छ । यो लेख भाषा र साहित्यका क्षेत्रमा प्रचलित गुणात्मक अनुसन्धानमा केन्द्रित छ । यसमा खासगरी पूर्वकार्य समीक्षाको परिचय, यसको आवश्यकता,प्रयोजन,प्रक्रिया,ध्यान दिनु पर्ने कुरा, खाका, फाइदा र सीमाका बारेमा स्पष्ट पारिएको छ । यसले अनुसन्धनीय समस्या र उद्देश्य निर्धारणमा सहयोग पुऱ्याउनुका साथै शोधकार्यलाई विश्वसनीय,प्रमाणिक र वैध बनाउनमा पनि उतिकै भूमिका खेल्दछ । कुनै पनि अनुसन्धान विशिष्ट प्राज्ञिक प्रश्न वा समस्यामा केन्द्रित रहेका हुन्छन् । ती समस्याहरूसँग आंशिक वा पूर्ण रूपमा सम्बन्धित भएर कुनै कुनै कार्य गरिएको हुन्छ ।यसलाई नै पूर्वकार्यको समीक्षा भनिन्छ । यसको उपयोगबाट पहिले भएका र पछि हुने अनुसन्धनीय कार्य बिचको खाडल भरिन्छ । यसरी अनुसन्धनीय कार्यलाई गतिशील बनाउने क्रममा नेपाली भाषा शिक्षण र साहित्यसँग सम्बद्ध पक्षका साथै अन्य विविध पक्षको पुनरावलोकन गर्दै गइन्छ । यसको उचित प्रयोगबाट अनुसन्धानकर्तालाई स्पष्ट दिशा निर्देश र मार्ग प्रशस्त हुँदै जान्छ ।

**Article Info.**

**Article History**
Received: 24 September 2025
Revised: 8 November 2025
Accepted: 13 December 2025

**Copyright Information**
Copyright 2025 © The author(s).

**Publisher**

Graduate School of Education
Mid-West University
Birendranagar, Surkhet
www.mwu.edu.np

***मुख्य शब्दावली :*** पृष्ठाधार, पूर्वपीठिका, प्राज्ञिक प्रश्न, पुनरावलोकन, गवेषण

## परिचय

अनुसन्धान भनेको नयाँ तथ्य पत्ता लगाउन वा पुरानै तथ्यको पुनरावलोकन र पुर्नव्याख्या गर्न गरिएको कार्य हो । यसलाई शोध, गवेषण, अन्वेषण, सोधखोज, खोजखाज जस्ता विविध नामहरूबाट पनि चिन्ने गरिन्छ(कोइराला र गौतम, २०६५, पृ.१) । यसरी कुनै समस्या वा विषयको पछि लागेर गहन ढङ्गबाट खोजी गरी नयाँ कुरा पत्ता लगाउनु नै अनुसन्धान हो । भाषिक अनुसन्धान मूलत : भाषा शिक्षा विषय र भाषासँग सम्वन्धित पक्षसँग मात्रै नभई अन्य विविध विषय क्षेत्रसँग पनि सम्बन्धित रहेको हुन्छ । यसर्थ भाषिक अनुसन्धानलाई विषय प्रकृतिका आधारमा, तथ्याङ्कका आधारमा, अध्ययन प्रकृतिका आधारमा र अध्ययन विधिका आधार वर्गीकरण गरिएको पाइन्छ ।

यसै गरी भाषिक अनुसन्धनीय क्षेत्र अन्तर्गत नेपाली भाषाशिक्षा विषयसँग सम्बन्धित अनुसन्धेय क्षेत्रमा नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक, व्यतिरेकी विश्लेषण,त्रुटि विश्लेषण,सङ्कथन विश्लेषण, भाषा भाषिका अध्ययन, तुलनात्मक अध्ययन, अन्तर्क्रियाको अध्ययन, शब्दभण्डारको अध्ययन,शैलीविज्ञान, शिक्षण विधि, क्रियाकलाप, भाषिक मूल्याङ्कन, लैङ्गिताको अध्ययन, समाज भाषिकता आदि विविध क्षेत्रहरू रहेका छन् । यसरी यी विभिन्न  किसिमको अन्वेषण गर्ने क्रममा पूर्वकार्यको समीक्षाको अपरिहार्यता हुन्छ । अनुसन्धानलाई उचित पथमा हिडाउनका लागि पूर्वसाहित्यको समीक्षा गरिन्छ । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधपत्र, प्रतिवेदन आदि ) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्व कार्यको समीक्षा हो ( बन्धु,२०६५, पृ.२८)। यसलाई पूर्वाध्ययन समीक्षा, पूर्वसाहित्यको अवलोकन, पूर्वसाहित्य समीक्षा जस्ता विविध नामहरूले पनि परिचित गराएको पाइन्छ । यसले अनुसन्धानकर्तालाई सम्बन्धित विषय क्षेत्रमा विगतदेखि वर्तमानसम्म भए गरेका अनुसन्धनीय कार्यका बारे जानकारी हासिल गर्ने अवसर दिनुका साथै मार्ग प्रशस्त गर्ने कार्य पनि गर्दछ । यो कार्य अनुसन्धान प्रारम्भ भएदेखि समाप्त नहुँदासम्म निरन्तर गर्दै जानु पर्दछ । शोधकार्य गर्दा सम्बन्धित शीर्षकमा संस्थागत,व्यक्तिगत र स्वतत्र रूपमा आफूभन्दा अघि केकति अध्ययन अनुसन्धान भएका छन् र केकति हुन् बाँकी छन् भन्ने कुराको जानकारी लिनु नै पूर्वाध्ययन हो । आफूभन्दा अघि भएका कार्यहरूको सङ्क्षिप्त रूपमा कालक्रमिक विवरण र समीक्षा प्रस्तुत गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ (शर्मा र लुइटेल, २०६२,पृ.२३) । त्यस्तै भट्टराई (२०७१,पृ.१६९) ले पूर्वाध्ययन समीक्षाले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुको साथै अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउदै सम्बन्धित विषयमा पूर्ण विज्ञ बनाउँछ भनेर पूर्वकार्यको समीक्षाको महत्त्वलाई प्रस्तुत गरेका छन् । कुमार (सन् २००५)का अनुसार अनुसन्धानको प्रारम्भिक चरणहरूमा यसले अनुसन्धानकर्तालाई आफ्नो सैद्धान्तिक मान्यता स्थापित गर्न, विचारहरू स्पष्ट पार्न र आफ्नो कार्य प्रणालीलाई स्थापित गर्न सहयोग गर्नुका साथै ज्ञानको आधार बढाउदै अनुसन्धे निष्कर्षलाई व्यवस्थित बनाउन मद्दत गर्दछ (पृ.३०)।

अनुसन्धातालाई आफूले अनुसन्धान गर्न लागेको विषय क्षेत्रमा के कति पूर्व अनुसन्धान भएका छन् ? के कति हुन बाँकी रहेका छन् ? ती भए गरेका अनुसन्धानहरूले आफ्नो अनुसन्धानलाई  के कस्तो दिशाा निर्देश गर्दछ ? ती अनुसन्धेय कार्यका सकारात्मक र नकारात्मक पक्षहरू के कस्ता रहेका छन् ? ती अनुसन्धानमा पूर्वकार्यका रूपमा के कस्ता सामग्रीहरूलाई उपयोग गरिएको छ ?उक्त अनुसन्धेय कार्यमा

उपयोग भएका पूर्व साहित्यका सामग्रीहरूलाई के कसरी समीक्षा गरेर राखिएको छ ? लगायतका प्रश्नहरूको जवाफ पूर्वकार्यको समीक्षाले प्रदान गर्दछ । यसरी अनुसन्धाताको अध्ययनीय कार्यको पूर्वखाका कोर्ने कार्य पूर्व सामग्रीको अध्ययनले गर्दछ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख मूलत : गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यो लेख सामान्तयाः सैद्धान्तिक तथा समीक्षात्मक प्रकृतिको भएकाले वर्णनात्मक तथा विश्लेषणत्मक विधिको प्रयोग गरी सामग्रीहरूको अध्ययन विश्लेषण गरिएको छ । यस लेखको तयारीका क्रममा द्वितीयक स्रोतबाट सामग्रीहरूको सङ्कलन गरिएको छ । यसै क्रममा बन्धु, भट्टराई, शर्मा र लुइटेल,कोइराला र गौतम,कुमार आदिका पूर्वकार्य लेखनसम्बन्धी दृष्टिकोणलाई अध्ययनको मूल सैद्धान्तिक आधार बनाइएको छ । अध्ययनको आवश्यकताअनुसार पूर्वअध्येताहरूसँग परामर्श लिदै लेखलाई तर्कसँगत र विश्वसनीय बनाइएको छ ।

## परिणाम र छलफल

### पूर्वकार्य समीक्षाको आवश्यकता

आवश्यकताले नै व्यक्तिलाई खोजमूलक र सिर्जनामुखी बनाउँछ भने झै विना उद्देश्य अनुसन्धानको परिकल्पना गर्न सकिदैन । कुनै पनि अनुसन्धानकर्ताले आफ्नो शोधकार्यलाई सार्थक तुल्याउन आफ्नो शोध शीर्षकसँग सम्बन्धित पूर्वकार्यको समीक्षा गर्दछ । अनुसन्धानममा पूर्वकार्यको समीक्षाा गर्नुको मुख्य उद्देश्य अनुसन्धान अन्तराल पत्ता लगाउनु नै हो । अनुसन्धान गर्दै जाँदा देखिने रिक्तालाई नै अनुसन्धान अन्तराल भनिन्छ । यो अन्तराललाई पहिचान नगरी अनुसन्धनीय कार्यको शीर्षक, समस्या र उद्देश्यको निर्धारण गर्न सकिदैन ।यसर्थ यस्तो अवस्थामा अनुसन्धनीय सान्दर्भिकता पुष्टि गर्न सकिदैन (घर्ती,२०८०,पृ.५६)। पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्यालाई राम्ररी बुझ्न,विश्लेषण गर्न र शीर्षक चयन गर्न सघाउ पुऱ्याउँछ । यसका साथै अनुसन्धानका उद्देश्यहरूको निर्धारण एवम् पद्वतिको निर्क्योल गर्न पनि उपयोगी हुन्छ । त्यस्तै पूर्व अध्ययनको गहिरो अध्ययन गर्न,अनुसन्धानको ढाँचा निर्धारण गर्न र उपयुक्त उपकरणको चयन गर्न यसको अपरिहार्यता रहेको छ । यसै गरी शोधको क्षेत्र र सीमा निर्क्योल गर्न, तथ्य सङ्कलनका स्रोतहरू पहिचान गर्न एवम् अनपेक्षित पुनरावृत्तिलाई हटाउन पनि यसको आवश्यकता छ । यस्तै अनुसन्धनीय प्राक्कल्पना निर्माण गर्नुका साथै पूर्ववर्ती अनुसन्धानको अध्ययन विश्लेषण गरेर भावी अनुसन्धानलाई गतिशीलता प्रदान गर्न यो उपयोगी देखिन्छ । त्यस्तै पूर्वअध्येताहरूले गरेका अनुसन्धान कार्यका सकारात्मक र नकरात्मक पक्षहरूलाई केलाउदै अनुसन्धान परम्परालाई पनि आपसमा जोड्न पनि यसको आवश्यकता पर्दछ । शोध शीर्षकमा रहेका विविध चरहरूको पहिचान र आपसमा तिनीहरूको सम्बन्ध स्थापित गर्नका लागि पनि पूर्वकार्य समीक्षाको आवश्यकता पर्दछ (भट्टराई(२०६८,पृ.१७० ।

### पूर्वकार्य समीक्षाका प्रयोजन

अनुसन्धान प्रतिवेदन लेखन कार्य वैज्ञानिक, व्यवस्थित, प्राज्ञिक र विश्वसनीय हुने गर्दछ ।

यसैले त विविध पूर्वकार्य समीक्षाका उद्देश्यहरूसँग सम्बद्ध भएर अनुसन्धान लेखनलाई स्तरीया कायम गराउनु पर्दछ ।

यस्ता उद्देश्यहरूमा अनुसन्धानका क्षेत्रमा देखा परेका नवीनतम् अवधारणाहरूको पहिचान गर्नु, पहिले नै अध्ययन गरी सकेका र अध्ययन गर्न बाँकी अध्ययनीय कार्यलाई छुट्टयाउन लिन सकिन्छ । त्यसै गरी

सम्बद्ध अनुसन्धानका लागि विधि, प्रक्रिया र तथ्याङ्क शास्त्रीय उपकरणको ज्ञान लिनु, अनुसन्धातालाई निःसन्देय आफ्नो अनुसन्धानको समस्या, पद्धति र सिद्धान्त के अपाउने भन्ने कुरामा स्पष्ट हुन एवम् आफ्नो रुचि र विशेषज्ञयता क्षेत्रको मूल्याङ्कन गर्नुलाई पनि यसका उद्देश्यका रूपमा लिने गरिन्छ ।यस्तै तथ्याङ्कको संश्लेषण गरी निष्कर्षमा पुग्ने तरिका पहिचान गर्नु र अध्ययनीय निष्कर्ष, उद्देश्य र सिद्धान्त बिच तुलनात्मक अध्ययन गर्नु पनि पूर्वकार्य समीक्षाका उद्देश्य हुन् (कोइराला र गौतम,२०६५, पृ.४२) ।

**पूर्वकार्य समीक्षाका प्रकार**

अनुसन्धानकर्ताले पहिलो पटक सङ्कलन गरेको तथ्याङ्क, लेखेको, तयार पारेको, सिर्जना गरेको, प्रकाशित गरेको र अन्वेषण गरेको सामग्रीको समीक्षालाई प्राथमिक सामग्रीको समीक्षा भनिन्छ । यस्ता सामग्रीबाट प्राप्त तथ्याङ्क आधिकारिक, प्रमाणिक र विश्वसनीय हुन्छ । यस प्रकारको सामग्रीको समीक्षामा पूर्वकार्य समीक्षकको प्रत्यक्ष संलग्नता हुँदैन । यस अन्तर्गत प्राचीन अभिलेख, अन्तर्वार्ता, प्रश्नावली,जनसम्पर्क आदि पर्दछन् ।

पहिले नै अरु कसैले प्रयोग गरेको तथ्याङ्क, उपयोग गरेको र व्याख्या गररेको सामग्रीको समीक्षालाई द्वितीयक सामग्रीको समीक्षा भनिन्छ । यस्ता सामग्रीलाई सहायक वा गौण सामग्री भनिएको पाइन्छ । यस्ता सामग्रीको समीक्षा गर्दा पूर्वकार्यको समीक्षकको प्रत्यक्ष संलग्नता रहन्छ । यस्ता सामग्रीहरूमा प्रकाशित पुस्तकहरू, पत्रपत्रिका, जर्नलहरू, शोध प्रतिवेदन, अप्रकाशित आलेख, व्यक्तिगत आलेखहरू पर्दछन् (शर्मा र लुइटेल,२०६२,पृ.३०) ।

**पूर्वकार्य समीक्षाका स्रोतहरू**

पहिले नै कसैले सम्पन्न गरेका पूर्वकार्यहरूको समीक्षा नै पूर्वकार्यको अध्ययन हो । यस्ता समीक्षा गर्नु पर्ने सामग्री विभिन्न प्रकारका हुन्छन् । तिनै सामग्रीहरूको घनीभूत ढङ्गबाट अध्ययन गरेर मात्रै अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन सकिन्छ । यसरी पूर्वकार्यको समीक्षाबाट अनुसन्धानकर्ताले अनुसन्धान किन र कसरी गरेको छ ? उक्त अनुसन्धान कसका लागि उपयोगी रहेको छ ? त्यस अनुसन्धानमा के के गरिएको छ ? उक्त अनुसन्धानमा के कस्ता सिद्धान्त, विधि र प्रकिया अपनाइको छ ? त्यस अनुसन्धानमा के कस्ता शीर्षक, उद्देश्य, र समस्या राखिएको छ ? उक्त अनुसन्धनीय कार्य सम्बद्ध विषयसँगको अनुसन्धानसँग के कसरी सम्बन्ध कायम गर्न सकिन्छ ? जस्ता प्रश्नहरूको जवाफ पूर्वकार्यको समीक्षाबाट प्राप्त गर्न सकिन्छ । पूर्वकार्यको पुनरावलोकनका स्रोतहरू कोशहरू, अनुसन्धान प्रतिवेदन, सम्बन्धित कृति तथा ग्रन्थहरू, श्रव्यदृश्य सामग्रीहरू, विषयविशेषज्ञ तथा परामर्शदाता, जर्नलहरू, पत्रपत्रिकाहरू, सम्मेलन तथा गोष्ठीका कार्यपत्र र कार्यविधि र इन्टरनेटका सामग्रीहरू आदि रहेका छन्(भट्टराई,२०६८,पृ.१२८) । यस्ता पूर्व साहित्यका सामग्रीका स्रोतहरू निम्न रहेका छन् :

**कोशहरू**

भाषिक अनुसन्धानका क्रममा पूर्वाध्ययनका सामग्रीका रूपमा कोशहरू महत्त्वपूर्ण सामग्री मानिन्छन् । विश्वकोश, पर्यायवाची कोश, अनेकार्थी कोश, शब्दकोश, विपरीतार्थी कोश, शैक्षिक कोश जस्ता अनेकौ कोशहरू पूर्वाध्ययनका सामग्रीका रूपमा रहन्छन् ।

**अनुसन्धान प्रतिवेदन**

विभिन्न उच्च शैक्षिक संस्था तथा सङ्घ संस्थाबाट विविध समयमा प्रकाशित भए गरेका अनुसन्धानात्मक प्रतिवेदनहरू पनि पूर्वसाहित्यका विशेष स्रोतहरू हुन् । यस्ता शोध प्रतिवेदनहरू सम्बन्धित विश्वविद्यालयका पुस्तकालय लगाएत अन्य पुस्तकालयमा उपलब्ध हुने गर्दछन् । यी सामग्रीहरूले अनुसन्धान वैध र विश्वसनीय बनाउन सहयोग गर्दछन् ।

**सम्बन्धित कृति तथा ग्रन्थ**

अनुसन्धनीय कार्यसँग सम्बन्धित कृति तथा ग्रन्थहरू पनि पूवृकार्यको सामग्रीको स्रोत हुन् । यी सामग्रीमा साहित्यिक कृति, पाठ्यपुस्तक, सन्दर्भग्रन्थहरू आदि सामग्री पूर्वाध्ययनका स्रोतका रूपमा रहन्छन् ।

**श्रव्य तथा दृश्य सामग्री**

फिल्म, सिडी रोमहरू, युट्व, गुगल कोर्मस, टेलिफिल्म, रेडियो, गीत इत्यादि श्रव्य तथा दृश्य सामग्रीहरूमा पर्दछन् । यस्ता सामग्रीहरू पनि पूर्वकार्यका स्रोत मानिन्छ ।

**विषयविशेषज्ञ तथा परामर्शदाता**

अनुसन्धानात्मक कार्य गर्दै जादा विषयविज्ञ तथा परामर्शदाताले दिएका सुझाव तथा विचारहरूलाई पनि अनुसन्धनीय पूर्व अध्ययनको स्रोत बनाउन सकिन्छ । उनीहरूको प्राज्ञिक विचार, अनुभव र परामर्शले अनुसन्धानलाई गहन बनाउन सघाउ पुऱ्याउँछ ।

**जर्नलहरू**

विभिन्न शैक्षिक संस्थाले विविध समयमा अनुसन्धनात्मक जर्नलहरू प्रकाशित गर्दछन् । यस्ता जर्नलहरूमा प्रकाशित अनुसन्धनात्मक लेखहरू पनि सम्बद्ध शोध विषयका लागि पूर्वकार्यको समीक्षाको स्रोत सामग्री बन्दछन् । यस्ता अनुसन्धनात्मक जर्नलहरू स्वदेश तथा विदेशबाट प्रकाशित हुने गर्दछन् । यसरी स्वदेशी तथा विदेशी विद्वान्हरूद्वारा प्रकाशित अनुसन्धेय लेखहरू पूर्वकार्यका स्रोतका सामग्री हुन्छन् ।

**पत्रपत्रिकाहरू**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्रकाशित हुने दैनिक तथा साप्ताहिक पत्रपत्रिकामा प्रकाशित लेख एवम् समाचारहरूलाई पनि शोधको पूर्व अध्ययनको स्रोत सामग्री मान्निछ । अनुसन्धनात्मक कार्यलाई सम्पन्न गर्न पत्रपत्रिकाका सामग्री पनि सहयोगी बन्दछन् ।

**सम्मेलन तथा गोष्ठीका कार्यपत्र एवम् कार्यविधि**

विविध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मपन्न सम्मेलन तथा गोष्ठीमा प्रस्तुत कार्यपत्र एवम् सम्मेलनपत्रहरू अनुसन्धानका लागि पूर्व साहित्यको स्रोत हुन् । यस्ता पत्रहरू सम्मेलन र गोष्ठी सकिएपछि संस्थागत प्रकाशनका रूपमा पनि प्रकाशित हुन्छन् । यस्ता पत्रका मुख्य व्याख्यान तथा भाषण र तर्कहरू पनि सम्बद्ध शोध कार्यका निम्ति रामवाण सावित हन्छन् । यसैले यी सामग्रीलाई पनि पूर्व स्रोतका रूपमा लिन सकिन्छ ।

**इन्टरनेटका सामग्रीहरू**

वर्तमान विश्व सूचना प्रविधिका कारण एउटा सानो घरझै बन्दै गएको छ । यसैले गर्दा नै आजभोलि खोज अनुसन्धानमूलक कार्यका साथै शिक्षण सिकाइ कियाकलापमा उत्तिकै प्रयोग हुँदै आएको छ ।

अनुसन्धनीय कार्यका निम्ति पनि सम्बद्ध शोधकायर्का सामग्रीहरू इन्टरनेटमा प्रस्शत मात्रामा प्राप्त गर्न सकिन्छ । यसरी सामग्री खोज्ने पद्धतिबारे पूर्व जानकारी हासिल गरी आफ्ना विषयका अनुसन्धनामूलक इन्टरनेटमा पत्रिका खोजी पूर्व सामग्रीको स्रोतका रूपमा लिनु पर्दछ (भट्टराई,२०६८,पृ.१२८)।

**पूर्वकार्य समीक्षाका चरणहरू**

अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानलाई उपयोगी र सहयोगी हुने खालका पुस्तक,शोध प्रतिवेदन र जर्नलहरू पढी पूर्वकार्यका विषयमा केही आधार तथा निर्देशनहरू प्राप्त गर्नु अति आवश्यक हन्छ । यसरी विविध विषयका पूर्वकार्यको समीक्षा गर्नाले अनुसन्धानकर्तालाई मार्ग निर्देशन र पद्धति निर्माणमा सहयोग पुग्दछ । पूर्वकार्यको समीक्षाका चरणकाहरूलाई (बन्धु,२०६५,पृ.३३-३५)ले पुस्तकमा उद्देश्यको निर्धारण, सामग्रीको खोजी र पठन, कृतिहरूको मूल्याङ्कन र समीक्षा गरिएका कृति र सम्बद्ध अनुसन्धनीय कार्यसँग सम्बन्ध गरी चार चरणको उल्लेख गरेका छन् । यसर्थ अनुसन्धानीय कार्यलाई चुस्त र व्यवस्थित बनाउन पूर्वकार्यको समीक्षालाई विभिन्न चरणमा विभाजन गरी हेर्न सकिन्छ :

**उद्देश्य निर्धारण**

कुनै अनुसन्धाताले आफ्नो अनुसन्धनीय विषयसँग सम्बन्धित पूर्वकार्यको समीक्षा गर्दा आफ्नो उद्देश्यमा स्पष्ट हुनुपर्दछ । त्यस्तै कुन उधेश्यका लागि के कस्तो पूर्वकार्यको समीक्षा गर्ने हो ? भन्ने विषयमा समीक्षक स्पष्ट भई आफैँले परिभाषित गरी आवश्यक भए त्यसलाई संक्षेपीकरण पनि गर्नु पर्दछ । यसरी समीक्षा गर्दा पूर्वकार्य समीक्षकले आफ्नो अनुसन्धानीय समस्या र उद्देश्यसँग सन्दर्भित गराएर जानु पर्दछ । अन्यथा अनुसन्धनीय कार्यले सही मार्ग पहिल्याउन नसकी अर्थहीन हुन पुग्दछ ।

**सामग्रीको खोजी र पठन**

अनुसन्धानकर्ताले आफ्नो सम्बद्ध अनुसन्धनीय विषय क्षेत्रसँग सम्बन्धित विगतमा गरिएका कार्यहरूको खोजी लागि विविध खाले पाठ्य सामग्रीहरू सङ्कलन गरी हेर्नु पर्दछ । यस्ता विगतमा गरिएका अध्ययन तथा पुस्तकहरू समीक्षा गर्नु जरुत पर्दछ । यसरी समीक्षा गर्दा आफ्नो अनुसन्धानको उद्देश्य,समस्या र प्राक्कल्पना जस्ता विषयमा विचार पुऱ्याएर सम्बन्धित सामग्रीहरूको गहन पठन र अध्ययन गर्नुपर्दछ । पूर्वकार्यको समीक्षा गर्दा खोजिएका सबै सामग्रीहरूको अध्ययन र पठन गर्न नसकिने अवस्थाामा हुन्छ । यस्तो अवस्थामा छुट्टाउनै नहुने विषय सम्बद्ध सामग्रीहरूको छनोट गर्ने कुरामा ध्यान दिनु पर्दछ ।यसरी छनोट गरिएका पूरै कृति पढेपछि अनुसन्धानकर्ताले आफ्नो अनुसन्धनीय प्रयोजनका लागि कुन प्रमुख र कुन सहायक सामग्री हो भनी पहिचान गर्दै जानु उचित हुन्छ । अनुसन्धानका लागि मुख्य कृति वा सामग्रीहरूको पहिचान हुन नसक्दा पूर्वकार्यको समीक्षा स्तरीय हुन सक्दैन ।

**कृतिहरूको मूल्याङ्कन**

अनुसन्धाताले अनुसन्धानको विषय क्षेत्रसँग सम्बद्ध भएर पढेका सामग्रीलाई सङ्गठित गर्ने कार्य यस चरणमा गरिन्छ । यस कममा आवश्यकता अनुरूपका सामग्रीहरूलाई कालकमिक रूपमा राख्ने, विभेदीकरण गर्ने र सम्बद्ध विषयसँग मिल्ने नमिल्ने सामग्रीहरूलाई छुट्याएर राख्ने गर्नु पर्दछ । सम्बद्ध विषय क्षेत्रसँग सम्बन्धित पूर्व कार्यहरूको समीक्षा भएकाले यसमा विगतका कार्यहरूको विवरणात्मक,विश्लेषणात्मक तथा आलोचनात्मक मूल्याङ्कन गरिन्छ । त्यस्तै ती कृतिमा के कस्ता शोधविधि अङ्गालिएको छ ? केकस्ता सामग्रीहरूको सङ्कलन र सामग्री सङ्कलनका आधार रहेका छन् ? त्यस्तै सैद्धान्तिक आधार, उद्देश्य र

उपलब्धिका बारेमा मूल्याङ्कन गरिन्छ । यसरी कृतिको मूल्याङ्कन गर्दा आफ्नो अनुसन्धनीय पक्षसँग सम्बद्ध गरेर गर्नु पर्दछ ।

**समीक्षा गरिएका कृति र सम्बद्ध अनुसन्धनीय कार्यसँग सम्बन्ध**

अनुसन्धानकर्ताले पहिले नै भए गरेका अनुसन्धनात्मक कार्यहरू आफ्नो अनुसन्धनीय कार्यसँग केकति मात्रामा जोडिएका छन् भनी एकिन गर्नुपर्दछ । यसरी समीक्षा गरिएका अध्ययनहरू केकस्तो प्रसङ्ग र परिस्थितिमा भए गरेका थिए । समय,स्रोत र साधनको उपलब्धता केकति थियो ? भन्ने कुराको मूल्याङ्कन गर्नु पर्दछ । यसरी मूल्याङ्कन गरिएका कृतिहरूको वस्तुगतता, प्रामाणिकता र प्रस्तुतिमा तार्किकता छ कि छैन भनेर हेर्नु पर्छ । यसै गरी अनुसन्धानकर्ताले आफ्नो अनुसन्धनात्मक कार्यसँग पूर्ववर्ती कार्यहरूलाई जोड्दा अनुसन्धाताले पूर्ववर्ती विद्वान्का विचारलाई आधारित बनाउनु पर्दछ । यदि पूर्ववर्ती विद्वान्का विचारलाई बेवास्था गरेको वा पूर्वाग्रह राखेको छ भने त्यस अनुसन्धानको पूर्वकार्यको समीक्षासँग सम्बद्ध हुँदैन । यसर्थ आफ्नो अनुसन्धान र समीक्षा गरिएका कृति बिच पनि सम्बन्ध हुनु आवश्यक मानिन्छ (बन्धु, २०६५, पृ.३३-३५)।

**पूर्वकार्य समीक्षाका प्रक्रिया**

अनुसन्धानमा पूर्वसाहित्यको समीक्षा गर्दा विविध प्रक्रिया अपनाइएको पाइन्छ । यसको प्रक्रियाका सम्बन्धमा विविध विद्वान्हरूले विविध धारणा प्रस्तुत गरेको देखिन्छ । कुमार(सन्२००५)ले अध्ययन क्षेत्रसँग सम्बन्धित साहित्यको खोजी,चयन गरिएका साहित्यको खोजी,सैद्धान्तिक रूपरेखाको विकास र वैचारिक रूपरेखाको विकास(पृ.३२)जस्ता पक्षलाई पूर्वकार्य समीक्षाका प्रक्रियाका रूपमा उल्लेख गरेका छन् । पूर्वकार्यको समीक्षा गर्ने क्रममा सर्वप्रथम शोधक्षेत्रको निर्धारण गर्नु पर्दछ । शोध कार्य गर्ने क्रममा शोधक्षेत्रको निर्धारण नै नगरी पूर्वकार्यको समीक्षा गर्न खोज्नुले अन्धकारमा रुमलिनु जस्तै हो । यसर्थ अनुसन्धानकर्ताले पूर्वकार्यको समीक्षा गर्नुपूर्व अध्ययनको रुचि क्षेत्र पहिचान गर्नु उचित हुन्छ ।शोधको क्षेत्र निर्धारणपछि स्रोतको पहिचान र विश्लेषण पनि अर्को प्रक्रिया हो । यसमा पूर्वकार्यको समीक्षाका लागि उपयोग हुने मुख्य स्रोत प्राथमिक सामग्री नै हुन् । यस अन्तर्गत प्राचीन अभिलेख, अन्तर्वार्ता, प्रश्नावली,जनसम्पर्क आदि पर्दछन् । त्यस्तै द्वितीयक सामग्रीहरू प्रकाशित पुस्तकहरू, पत्रपत्रिका, जर्नलहरू, शोध प्रतिवेदन, अप्रकाशित आलेख, व्यक्तिगत आलेखहरू आदिलाई पनि पूर्वकाय समीक्षाका स्रोत अन्तर्गत पर्दछन् ।यस्ता सामग्रीहरूको आधिकारिकता, स्तरीयता र सम्भव हुँदासम्म पछिल्लो समयको हुनु उपयुक्त मानिन्छ (पौडेल, २०२५,पृ.१६५) । त्यस्तै पूर्वकार्य समीक्षाको प्रक्रिया अपानाउने क्रममा सामग्रीको सङ्कलन र वर्गीकरण गरिन्छ । सम्बन्धित विषयका विज्ञ, पुस्तकालय र कम्प्युटरबाट प्राप्त डाटाहरूलाई स्रोत बनाएर पूर्वकार्यको समीक्षा गर्न सकिन्छ । यसरी कम्प्युटरबाट प्राप्त डाटाबेसमार्फत थुप्रै अनुसन्धान तथा सैद्धान्तिक सामग्री प्राप्त गर्न सकिन्छ(खनाल, २०७७,पृ.३४) । यसरी सङ्कलित सामग्रीहरूलाई स्वरूप र प्रकृतिका आधारमा वर्गीकरण गरेर समीक्षा गर्नु सान्दर्भिक हुन्छ ।पूर्वकार्यको समीक्षा गर्दा अन्तिम प्रक्रियाका रूपमा सङ्कलित सामग्रीको अध्ययन विश्लेषण गर्नु हो । यसमा सङ्कलित सामग्रीहरूको गहन अध्ययन गर्ने, चिह्न लगाउने, टिपोट गर्ने र निष्कर्षको विश्लेषण गर्ने गरिन्छ । पूर्वअध्ययनको सवल र दुर्वल पक्ष केलाउने एवम् सार ग्रहण गर्दै विश्लेषण गर्नु उचित हुन्छ (पौडेल,२०२५,पृ.१६५)।कतिपय अनुसन्धानमा लेखकको नामलाई

वर्णानुक्रममा राखेर सामग्रीको समीक्षा गरिएको पाइन्छ । त्यस्तै कुनै अनुसन्धानमा ग्रन्थहरूको प्रकाशन वर्षलाई आधार बनाएर कालक्रमिक रूपमा प्रस्तुत गरेर सामग्रीको समीक्षा गरिएको देखिन्छ ।

**पूर्वकार्यको समीक्षाको खाका**

पूर्वकार्यको समीक्षाको खाका सम्बन्धमा अझै पनि एकरूपता पाउन सकिएको छैन । नेपालका विभिन्न क्षेत्रमा स्थापित उच्च शिक्षा प्रदान गर्दै आएका विश्वविद्यालयहरूका अनुसन्धानात्मक गतिविधिहरू पनि पृथक रहेका छन् । यसैले पूर्वकार्यको समीक्षाको खाकामा पनि एकरूपता नपाइनु स्वभाविक कै मान्न सकिन्छ । यद्यपि एउटै विश्वविद्यालयका पनि विविध तह, सङ्काय, विभाग र गुरूअनुसार पनि एकरूपता पाउन गाह्रो देखिन्छ । यस्तो अवस्थामा पूर्वकार्यको समीक्षाको खाकामा एकरूपता ल्याइ अनुसन्धानकार्यलाई स्तरीय बनाउनु पर्दछ । वर्तमानको समयमा प्रकाशित अनुसन्धानात्मक ग्रन्थ र अनुसन्धनात्मक प्रतिवेदनका आधारमा पूर्वकार्यको समीक्षाको खाकालाई आधिकारिकता मानी अगाडि बढ्नु पर्ने देखिन्छ ।

**परिचय भाग**

यस भागमा अनुसन्धानकर्ताले अघि गरेका शोध कार्यको शीर्षक, पूर्व साहित्यका विविध प्रकार र पूर्वाध्ययनका उद्देश्य तथा सीमाका बारेमा स्पष्ट खुलाउनु पर्दछ । यसै भागमा कुन कुन सामग्रीलाई राख्ने र नराख्ने विषयमा पनि अनुसन्धाता सजग हुनु पर्दछ । अनुसधानकर्ताले आफ्नो अनुसन्धनीय विषयसँग स्पष्ट कथन बनाउनु पर्दछ ।

**मुख्य भाग**

अनुसन्धानको विषयसँग सम्बद्ध गराएर खोजी गरी पठन गरिएका प्रत्येक कृतिहरूको सरसर्ती खोलुवा दिनु पर्दछ । यस्तै पूर्वाध्ययनमा प्रयोग गरिएका पुस्तकहरूको विवरण दिनुका साथै वर्गीकरण समेत गर्नु पर्दछ । यस्ता पूर्व साहित्यका रूपमा रहेका विविध अनुसान्धनात्मक कार्यमा अङ्गालिएका अनुसन्धनात्मक विधि र प्रक्रियाका बारेमा पनि चर्चा गरिनु पर्ने हुन्छ । यसरी पूर्वकार्यका रूपमा उपयोग गरिएका सामग्रीहरूको एकअर्का बिच सम्बन्ध भए नभएको पहिचान गर्नुका साथै आफ्नो अनुसन्धानसँग पनि सम्बद्ध र तुलना गराउनु पर्दछ । ती सामग्रीहरू आफ्नो अनुसन्धानका लागि केकति उपयोगी रहेका छन् निर्क्योल गर्नु पर्दछ ।

**उपसंहार अर्थात निष्कर्ष**

यस भागमा अनुसन्धाताले आफ्नो अनुसन्धानमूलक कार्य गर्दा पूर्वकार्यको समीक्षालाई सारांशीकरण गरेर प्रस्तुत गर्नु पर्दछ । यसरी पूर्वाध्ययनका सामग्रीको संश्लेषण गरी सकेपछि सम्बद्ध अनुसन्धेय कार्यसँग जोडेर हेर्नु पर्दछ । यी सामग्रीमा के कस्ता सिद्धान्त,पद्धति र प्रक्रिया अङ्गालिएको छ भन्ने कुराको चर्चा गरिनु पर्दछ । त्यस्तै अनुसन्धनीय विषयसँग सम्बद्ध पूर्वकार्यको समीक्षाका सीमा एवम् समस्या खुलाउनुका साथै स्पष्ट आधार पनि लिनु पर्दछ । यस खण्डमा विविध सन्दर्भाङ्कनहरूलाई पनि स्पषट रूपमा खुलाउनु पर्दछ । पूर्वकार्यको समीक्षा गर्दा अनुसन्धाताले केकस्ता सन्दर्भाङ्कनको प्रयोग कुनर कहाँ गरेका छन् भन्ने कुराको जानकारी दिनु आवश्यक हुन्छ (बन्धु २०६५, पृ.३२)।

**पूर्वकार्यको समीक्षामा देखापर्ने समस्याहरू**

पूर्वकार्यको समीक्षाका क्रममा धेरै पढ्ने तर टिपोट नराख्ने र कृति सूची नबनाउने गऱ्यो भने खास महत्त्वपूर्ण सामग्री कुन हो पहिचान गर्न समस्या हुन्छ (आचार्य, २०६६, पृ.२०४)।वर्तमान भन्दा विगतमा भए गरेका पूर्वकार्यहरूको समीक्षा गरी अध्ययनीय कार्यलाई तोकिएको गन्तव्यमा पुऱ्याउन सकिन्छ ।

यस्ता पूर्वाध्ययनका सामग्रीहरूको समीक्षा गर्दा अनुसन्धानकर्तालाई केही समस्याहरू आइपर्दछन् । ती समस्यालाई समयमा नै पहिचान गरी समाधान गर्नतर्फ लाग्यो भने अनुसन्धनीय कार्य जटिल र हाउगुजी बन्दैन ।

**अनावश्यक सामग्री धेरै पढ्ने**

सम्बद्ध विषय शीर्षकमा अनुसन्धान गर्दै जाँदा पूर्वअध्ययनका लागि प्रशस्त मात्रामा सामग्रीहरू प्राप्त गर्न सकिन्छ । ती सामग्रीहरू के कति अध्ययन गर्ने र कुनकुन सामग्री अध्ययन गर्दा अध्ययनीय कार्य प्रभावकारी हुने गर्दछ भन्ने कुरा अनुसन्धाताले छुट्ट्याउन सक्नु पर्दछ । अनुसन्धानकर्ताले आफ्नो अनुसन्धनीय उद्देश्य स्पष्ट रूपमा निर्धारण नगरी अनावश्यक सामग्री धेरै पढ्न खोज्दा अनुसन्धाता तिनै सामग्रीमा हराउन सक्दछ । त्यसैले आफ्नो अनुसन्धानलाई आवश्यक सामग्री मात्रै अध्ययन गर्दा अनावश्यक समय,श्रम र साधनको बचत गराउन सकिन्छ । यसर्थ अनुसन्धानलाई सम्भावित दुर्घाटनाबाट बचाउन पनि यस्तो कार्यले रोक्न सकिन्छ ।

**आवश्यक सामग्रीको टिपोट नराख्ने :**

कतिपय अनुसन्धाताहरूको पूर्वकार्यका सामग्रीहरूलाई धेरै पढ्ने तर टिपोट नगर्ने प्रवृत्ति हुन्छ । यस्तो पूर्व अध्ययनीय सामग्री अध्ययन पश्चात टिपोट नगर्दा बिर्सने र अध्ययन खेर जाने हुन्छ । त्यसैले सम्बद्ध विषयसँगका सामग्रीहरू पढ्दै आवश्यक कुराहरू टिपोट गर्दै जानु पर्दछ । यसरी लेखिएका कुरालाई सिलसिला रूपमा प्रस्तुत गर्दै जानु पर्दछ । सामग्रीको गहन र व्यापक रूपमा अध्ययन मनन् गरेर टिपोट गरेको खण्डमा अनुसन्धनीय कार्य प्रभावकारी भई मार्ग प्राप्त गर्दछ ।

**कृतिसूची नबनाउने :**

पूर्वकार्यको समीक्षा गर्ने क्रममा सङ्कलित सामग्री अन्तर्गत विविध कृतिहरू सङ्कलन गरिएका हुन्छन् । यी कृतिहरूलाई सूचीबद्ध गरी समीक्षा गर्दै जानु पर्दछ ।कृतिसूची नबनाइ पूर्वकार्यको समीक्षा गर्दा अपेक्षित डाटा प्राप्त गर्न सकिदैन । तसर्थ अनुसन्धनीय कार्य नै प्रभावित हुन सक्छ । प्रमाणिक, विश्वसनीय, वैधता दिने भनेकै सन्दर्भाङ्कनले हो । अनुसन्धानका नाममा कतिपय अनुसन्धाताले मन लागदी पूर्व सामग्रीको अध्ययन गर्दै जाने क्रममा सम्बन्धित कृतिसूचीको व्यवस्थापन गर्न सक्दैनन् । यसरी अनुसन्धानात्मक कार्य गर्दा जुनजुन स्थान र प्रसङ्गमा सन्दर्भाङ्कन गरिन्छ । त्यसलाई उचित रूपमा कृतिसूचीमा देखाउनु पर्दछ । यदि शोधार्थीले कुनै कृतिलाई पछि टिपोट गर्दछु भनी नटिपेर छोड्यो भने त्यसलाई सन्दर्भाङ्कन गर्न गाह्रो हन्छ । यसरी अनुसन्धानका क्षेत्रमा प्रचलित एमएलए र एपिए सन्दर्भाङ्कनका ढाँचामध्ये अनुसन्धाताले कुनै एउटा ढाँचामा सन्दर्भाङ्कन गर्नुपर्दछ । यसर्थ पूर्वकार्यको सामग्रीको समीक्षा गर्दा कृतिसूची नबनाइ अनुसन्धनीय कार्य गरियो भने त्यो अवैधानिक ठहरिन जान्छ (बन्धु,२०६५, पृ.३५-३६) ।

**पूर्वकार्य समीक्षा गर्दा विचार पुऱ्याउनु पर्ने पक्षहरू**

कुमार (सन् (२००५) का अनुसार अनुसन्धाताले आफ्नो अनुसन्धनीय कार्यलाई कस्तो बनाउने भन्ने कुरा उसले गर्ने पूर्वकार्यको समीक्षामा भर पर्दछ । धेरै जसो अनुसन्धातालाई त पूर्वकार्यको समीक्षा गर्दा केकस्ता कुरामा विचार पुऱ्याउनु पर्दछ भन्ने कुराको ज्ञात रहेको पाइदैन । यस्तो परिस्थितिमा अनुसन्धान कसरी अगाडि बढ्न सक्छ ? भन्ने प्राज्ञिक जिज्ञासा रहन्छ (पृ.३०)। त्यसर्थ पूर्वकार्यको समीक्षा गर्दा विचार पुऱ्याउनु पर्ने पक्षहरू निम्न रहेका छन् :

१) पूर्वकार्यको समीक्षा गर्दा यसको स्वरूप, संरचना र ढाँचाका बारेमा अनुसन्धानकर्ता स्पष्ट हुनुपर्दछ।
२) खोजकर्ताले आफ्नो अनुसन्धनीय उद्देश्य र समस्यासँग सम्बद्ध सामग्रीको सङ्कलन गरी टिपोट गर्दै जानु पर्दछ ।
३) अनुसन्धानकर्ताले आफूले सङ्कलन गरेका सामग्रीको विश्वसनीयता र प्रमाणिकता पुष्टि गर्न लाग्नु पर्दछ ।
४) सम्बद्ध विषयसँगको अनुसन्धानको सान्दर्भिकतालाई प्रस्तुत गर्न सक्नु पर्दछ ।
५) पूर्वाध्ययनका लागि सङ्कलित सामग्रीहरू समसामयिक छन् कि छैनन् भनेर अद्यावधिक गर्नु पर्दछ ।
६) पूर्व सामग्री सङ्कलनकर्ता सङ्कलित सामग्रीहरूको गहन र आलोचनात्मक मूल्याङ्कन गर्नु पर्दछ ।
७) समीक्षाबाट प्राप्त तथ्याङ्कलाई आफ्नो अनुसन्धानसँग के कसरी जोड्न सकिन्छ जानकार हुनुपर्दछ ।
८) समीक्षाका लागि चयन गरिएका सामग्री कुन स्रोतबाट लिइएका छन् भन्ने विषयमा ज्ञान राख्नु पर्छ ।
९) समीक्षाका निम्ति सङ्कलित र सम्पादित सामग्रीको प्रभावकारी व्यवस्थापनको योजान बनाउनु पर्छ ।
१०) सम्बद्ध शोधका समस्यासँग सम्बन्धित सामग्रीको आपसी तालमेलको परीक्षण गर्नु पर्छ(नेपाल, २०२३, पृ.१०१) ।

**पूर्वकार्यको समीक्षाका सीमाहरू**

पूर्वाध्ययनका दौरान आफ्नो अनुसन्धानसँग जोडिएका विविध सामग्रीहरूको समीक्षा गरिन्छ । यस्ता सामग्रीको व्यवस्थापन र मूल्याङ्कन गर्ने कार्य आफैमा चुनौतीपूर्ण रहन्छ । कोइराला र गौतम (२०६५, पृ.४५)का अनुसार यसका सीमाहरूलाई यहाँ प्रस्त्त गर्नु सान्दर्भिक हुन्छ :

१) अनुसन्धानकर्ताले पूर्वसाहित्यप्रति पूर्वाग्रह राख्दा अनुसन्धानलाई वस्तुगतभन्दा पनि विषयगत र एकपक्षीय बनाउने सम्भावना हुन्छ ।
२) पूर्ववर्ती अनुसन्धानकर्ताको निष्कर्ष र सम्बद्ध अनुसन्धानको निष्कर्ष बिच तुलनात्मक अध्ययन गर्दा अनुसन्धान कर्ताको वास्तविक दृष्टिकोण ओझेलमा पर्ने गर्दछ ।
३) शीर्षक चयन,समस्याको पहिचान र उद्देश्य निर्माणमा पूर्व अनुसन्धानसँग सम्बद्ध अनुसन्धानलाई अन्तर्सम्बन्धित गर्न खोज्दा अनुसन्धान नै दिग्भ्रमित हुन पुग्दछ ।
४) अनुसन्धानकर्तामा अनुसन्धनीय भाषागत, विधागत,अवधारणागत, संरचनागत र विषयगत ज्ञानको अभावले पनि चुनौती सिर्जना गर्दछ ।
५) अनुसन्धानलाई वास्तविक तथ्याङ्कमा अडिग गराउन नसक्नु पनि यसको सीमा हो(कोइराला र गौतम, २०६५, पृ.४५)।

## निष्कर्ष

भाषिक अनुसन्धानमा पूर्वकार्यको समीक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । अनुसन्धान तथ्य, प्रमाण र आधिकारिकतामा केन्द्रित हुने गर्दछ । अनुसन्धानलाई गति प्रदान गर्ने कार्य पूर्वकार्यको समीक्षाले गर्दछ । यस प्रकारको पूर्वकार्यको समीक्षा गर्दा आग्रह र पूर्वाग्रह नराखी वस्तुपरक र आलोचनात्मक मूल्याङ्कन गर्नु पर्दछ । अनुसन्धनात्मक कार्यमा तल्लीन अनुसन्धातालाई यसले मार्गनिर्देशन गर्दछ । अनुसन्धानको मुटुका रूपमा परिचित पूर्वाध्ययन साहित्यसँग के कस्ता र कुनकुन क्षेत्रका सामग्री सङ्कलन गरिन्छन् ? किन

सङ्कलन गरिन्छ ? जस्ता प्रश्नको जवाफ पूर्वसाहित्यको अवलोकनबाट प्राप्त गर्न सकिन्छ । अध्ययनीय कार्यसँग पहिले नै भए गरेका हुँदै गरेका र प्रकाशित पूर्वाध्ययन सामग्रीको टिप्पणीमूलक समीक्षा गरिनु पर्छ । यसरी यसैका आधारमा अध्ययनको अवधाराणात्मक खाका र सैद्धान्तिक आधार खडा गरी आफ्नो अध्ययनलाई अघि लैजान सक्छ । पूर्वाध्ययनको प्रकृति, विषयको क्षेत्र निर्धारण र समग्र अनुसन्धानको योजनाबद्ध सङ्गठन जस्ता कार्यमा पूर्वसाहित्यको समीक्षाले महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ । त्यस्तै अध्ययनको शीर्षक चयन, समस्याको पहिचान र उद्देश्य निर्धारण गरी निष्कर्ष निर्माणसम्म पनि भाषिक मूल्याङ्कनमा पूर्वकार्यको समीक्षाको महत्तवपूर्ण भूमिका रहन्छ । यसरी यस अध्ययनले पूर्वकार्यको सामग्रीको समीक्षा गर्ने समीक्षकलाई तत्तत् सामग्रीका सकारात्मक र नकारात्मक पक्ष, उपयोगिता र चुनौती प्रस्तुत गर्ने अवसर दिन्छ । पूर्व अध्येताले केके अध्ययन गऱ्यो ? कुनकुन सामग्रीलाई समेट्यो ? केकति समेट्न सकेको छैन् ? जस्ता पक्षहरूका बारेमा यसमा खुलस्त पार्न सक्दछ ।

यसर्थ यस अध्ययनले पूर्वकार्यको समीक्षाको प्रक्रिया,ढाँचा,अवधारणा, संरचना एवम् अन्तर्कथ्यलाई प्रष्ट्याउन सहज गरेको छ । दिनप्रतिदिन नेपाली भाषा शिक्षाका क्षेत्रमा अनुसन्धानमा तल्लीन शोधार्थी, अनुसन्धानकर्ता एवम् सम्बद्ध पक्ष सबैलाई यो अध्ययन प्रभावकारी र उपयोगी सावित हुने देखिन्छ । भाषिक अनुसन्धानमा पूर्वकार्यको समीक्षाको परिकल्पनाविना अनसन्धानलाई अगाडि बढाउन नसकिने भएकाले यसको अपरिहार्यता र औचित्य अझ बढी पुष्टि हुन्छ ।

## कृतज्ञता

प्रस्तुत अध्ययनलाई मूर्त रूप प्रदान गर्ने अवसर जुटाइदिने मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुयट स्कुल अफ एजुकेसन डीनको कार्यालयलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै यस अनुसन्धनीय लेखनका लागि उत्प्रेरित गर्ने आदरणीय गुरुवर, समकक्षी मित्रहरू र शुभ चिन्तकहरूमा पनि हृदयदेखि नै कृतज्ञता जाहेर गर्दछु । प्राध्यापन कार्यलाई प्रभावकारी बनाउन यस्ता अवसरहरू आगमी दिनमा पनि जुराइदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

## सन्दर्भ सामग्रीसूची

आचार्य, सुषमा (२०६६).अनुसन्धानमा पूर्वकार्यको समीक्षा.पृथ्वीदर्पण.नेपाली शिक्षा विभाग .पृथ्वीनारायण क्यापस.१(१)पृ.२०४

आचार्य, ओमप्रकाश(२०२५).अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकन पद्धति.डेपान.६(१). १३०-१३५।https://doi.10.3126/depan.v6i1.75503

कोइरला, खेम र गौतम, रामप्रसाद(२०६५).अनुसन्धानन विधि .दीक्षान्त प्रकाशन ।

कुमार, रञ्जित ( सन् २००५).रिसर्च मेथोडोलोजी अ स्टेप बाइ स्टेप गाइड फर बिगिनर्स.अस्ट्रेलिया : पियर्सन एजुकेसन ।

खनाल, पेशल (२०७७).शैक्षिक अनुसन्धान पद्धति(तेस्रो संस्क.),सनलाइट पबिलकेसन ।

घर्ती,दुर्गाबहादुर(२०८०), अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग, अनुसन्धान विमर्श नेपाल ।

नेपाल, शक्तिराज (सन् २०२३).थेसिस लेखनमा पूर्वकार्यका समीक्षाको प्राज्ञिकता.सोलुखुम्बु मल्टिपल क्याम्पस रिर्सच जर्नल.५(५).९२-१०४ । https:// doi.org/10.3126/smcrj.v5i1.65166

पाण्डेय, ताराकान्त(२०६६).शोधविधिको तात्पर्य,प्रयोगपक्ष तथा प्रस्तुति प्रक्रिया.सम्पेषण.सम्पेषण परिवार.नेपाली भाषा शिक्षा विभाग.(६)पृ.७७-८३

पौडेल, सुरज (सन्२०२५).अनुसन्धानमा पूर्वकार्यको समीक्षा लेखन.पृथ्वीवाङ्मय.१५(१)१६२-१७०। https://doi.org/10.3126/pw.v15i1.85747

बन्धु, चूडामणि (२०६५).अनुसन्धान तथा प्रतिवेदन लेखन(दोस्रो संस्क.), रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६८).भाषिक अनुसन्धान विधि परिचय र प्रयोग .शुभकामना प्रकाशन ।

भुषाल, केशव (सन्२०२४).भाषिक अनुसन्धानमा सामग्री सङ्कलन र निर्माण प्रक्रिया.स्पनदन .१४(२).४७-६५। https://doi.10.3126/spandan.v14i2.74870

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२).शोधविधि(तेस्रो संस्क.), साझा प्रकाशन ।